लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
स्था. २०७३

प.सं. : २०८३/२०८४(कृषि शाखा)
च.नं. : ९६

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८३/०६/१४ गते
नेपाल सम्वत् ११४६

विषयः गहुँको बीउ माग सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा लालझाडी गाउँपालिकाको कृषि शाखाको आ.व. २०८३/२०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा गहुँको उन्नत जातको बिउ वितरण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले यस कार्यालयमा दर्ता / नविकरण भएका ईच्छुक कृषक समूह, कृषि कार्यमा संलग्न कृषि फर्म र कृषि सहकारीहरुले मिति २०८३/०६/२८ गते (१५ दिन भित्र) कार्यालय समयभित्र तपसिल बमोजिमको आवश्यक कागजातहरु सहित यस कार्यालयको कृषि विकास शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेको र म्याद नाघी आएका निवेदन माथि कुनै कार्वाही गरिनेछैन ।

आवश्यक कागजातहरु:

१. माग निवेदन (बिउको परिमाण, जात, लगाउने क्षेत्रफल र सम्पर्क नं. खुलाएको) ।
२. कृषि सहकारी/कृषक समूह/फर्महरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण गरेको)।
३. समूह/सहकारीको हकमा बीउ मागको निर्णयको प्रतिलिपि ।
४. कर चुक्ता/स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि ।

.....
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत